

विपदमा राजनीतिक दलको ऐक्यबद्धता, सार्वजनिक गरे १० संकल्प ३

सिटी डेन्टल

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९

जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८ सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

गंगा ट्राभल्स एण्ड टुर्स

हाम्रा सेवाहरु:
- राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
- भारतका लागि रेल, बसको टिकट
- बैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
- टुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा

Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available
Are you going to India ?
Special Pre Purchase fare for India
Indigo, Spice Jet, Air Asia, Vistara, Akasa air

बागडोगराबाट दिल्ली, कोलकाता, मुम्बई, अहमदाबाद,
बागडोगरा
गंगा ट्राभल्स एण्ड टुर्स
दमक-५, बेलडाँगी रोड, डिम्याक्स सिनेमा अगाडी, ओम शान्ति डेन्टल हस्पिटलसँगै फोन:०२३-५७५३११/९८४२६४५१३६/९८१४९८५७२०

❑ वर्ष-२१ ❑ अंक - २२३ ❑ २०८३ भाद्र १२ गते शुक्रबार ❑ Friday, 28 Aug. 2026 ❑ मूल्य ७ /-

## बाढी प्रभावित क्षेत्रमा प्रधानमन्त्री शाह

**विदुर**/ रसुवाको भोटेकोशीमा आएको बाढीबाट भएको क्षति र खोज तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन प्रधानमन्त्री वालेन्द्र शाह नुवाकोटको विदुर पुगेका छन्। प्रधानमन्त्री शाह सडकमार्ग हुँदै विदुर पुगेका हुन्। विदुर नगरपालिका-स्थित श्री नम्बर १ सैन्य तालिम केन्द्रमा प्रधानमन्त्री शाहले प्रशासन तथा सुरक्षा निकायका प्रमुखहरूसँग बाढीपछिको अवस्थाबारे 'ब्रिफिङ' लिइरहेका छन्।

ब्रिफिङमा पूर्वाधार विकासमन्त्री सुनील लम्साल, सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिना, बागमती प्रदेशका मुख्यमन्त्री किरण थापामगर तथा नेपाली सेनाका प्रधानसेनापति अशोकराज सिग्देल सहभागी छन्। नुवाकोटका प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद रेग्मी, जिल्ला प्रहरी प्रमुख विपिन रेग्मीलगायतका अधिकारीले बाढीबाट भएको मानवीय तथा भौतिक क्षतिको अवस्थाबारे प्रधानमन्त्री शाहलाई जानकारी गराएका छन्।

## २७ विदेशी पर्यटकको उद्धार, भारतका मात्रै ११ जना

**दमक**/ रसुवाको भोटेकोशी क्षेत्रमा बुधबार आएको विनाशकारी बाढीबाट २७ जना विदेशी पर्यटक तथा यात्रुको उद्धार गरिएको छ। नेपाल पर्यटन बोर्डले बिहीबार दिउँसो ३:३० बजेसम्मको विवरण सार्वजनिक गर्दै २७ जना विदेशी नागरिकको उद्धार भएको जनाएको हो। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण ( एन डीआर आरएम ए) बाट प्राप्त जानकारीअनुसार तिमुरे र भोटेकोशी क्षेत्रबाट उनीहरूको उद्धार गरिएको हो।

उद्धार गरिएकामध्ये भारतका ११ जना, दक्षिण कोरियाका ४ जना, चीनका ८ जना, इटालीका २ जना र अमेरिकाका २ जना रहेका छन्। नेपाल पर्यटन बोर्डका अनुसार बुधबार बिहान करिब ८:३० बजे रसुवा, नुवाकोट, धादिङ र गोरखाका भोटेकोशी तथा त्रिशूली नदी क्षेत्रमा आएको आकस्मिक बाढीपछि प्रभावित क्षेत्रमा रहेका पर्यटक तथा यात्रुको अवस्था पहिचान गर्ने, उद्धार गर्ने र सुरक्षित स्थानमा लैजाने काम भइरहेको छ।

उद्धार गरिएका २७ जनामध्ये २१ जना पुरुष र ६ जना महिला रहेका छन्। उमेरका हिसाबले सबैभन्दा बढी उमेरका उद्धार गरिएका व्यक्ति चीनका ७० वर्षीय झाङ छुआन र भारतका ६९ वर्षीय बलानी याप्पान हुन्। नेपाल पर्यटन बोर्ड, पर्यटन प्रहरी, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र पर्यटन क्षेत्रका सरोकारवाला निकायले प्रभावित क्षेत्रमा रहेका अन्य पर्यटक तथा यात्रुको अवस्था पहिचान गर्न निरन्तर समन्वय गरिरहेका छन्।

### भोटेकोशी नदीमा अर्को ठूलो सम्भावित बाढीको जोखिम

# तटीय र किनार क्षेत्र छाड्न आग्रह

पूर्वसन्देश समाचार

**दमक**/ भोटेकोशी नदीमा अर्को ठूलो सम्भावित बाढीको जोखिम बढेपछि तल्लो तटीय क्षेत्रका बासिन्दालाई विशेष सतर्कता अपनाउन आग्रह गरिएको छ।

बाढी पूर्वानुमान महाशाखाले बिहीबार दिउँसो विशेष सूचना जारी गर्दै चीनतर्फबाट नेपालको परराष्ट्र मन्त्रालयमार्फत् प्राप्त पछिल्लो सूचनाअनुसार भोटेकोशी नदीका मुहान क्षेत्रका दुई नदी थुनिएर ताल बनेको जनाएको छ।

भू-उपग्रह तस्बिर तथा प्रारम्भिक विश्लेषणका आधारमा भाद्र १० गते बाढी सिर्जना भएको स्थानमा नदी थुनिएर ताल बनेको र उक्त ताल बढ्ने क्रममा रहेको महाशाखाले जनाएको छ।

ताल फुट्ने जोखिमसमेत देखिएकाले भोटेकोशी नदीमा आकस्मिक बाढी आउन सक्ने सम्भावनालाई ध्यानमा राख्न आग्रह गरिएको छ। महाशाखाले अर्को सूचना जारी नभएसम्म भोटेकोशी नदीको तल्लो तटीय क्षेत्रका बासिन्दा, यात्रु, उद्धारमा खटिएका उद्धारकर्ता तथा सम्बन्धित सबैलाई विशेष सतर्कता अपनाउन भनेको छ।

यसका साथै नदी किनार तथा अन्य जोखिमयुक्त क्षेत्रबाट सुरक्षित स्थानमा रहन र सम्भावित जोखिमलाई मध्यनजर गर्दै आवश्यक सावधानी अपनाउन अनुरोध गरिएको छ।

यसअघि चीनको जलस्रोत मन्त्रालयले नेपालको छोचेन खोला र पुरेपु त्साङ्पो नदीको संगमस्थलनजिक .ठूलो 'ब्यारियर लेक' अर्थात् नदी थुनिएर



कृत्रिम ताल बनेको जनाएको थियो। चिनियाँ सञ्चारमाध्यम सीसीटीभीका अनुसार बिहीबार बिहानसम्म उक्त तालमा करिब २० लाख घनमिटर पानी जम्मा भएको छ।

पुरेपु त्साङ्पो नदी तिब्बत (चीन) मा बहने एक नदी हो, जुन नेपालको भोटेकोशी-त्रिशूली नदी प्रणालीको प्रमुख सहायक स्रोत का रूपमा छ। यो नदी तिब्बतबाट बहँदै नेपालको रसुवा जिल्ला हुँदै प्रवेश गर्दछ। नेपालमा यसलाई भोटेकोसी (रसुवाको) भनिन्छ।

उता छोचेन खोला नेपाल र चीन ( तिब्बत) को सीमा क्षेत्रमा बग्ने तथा त्रिशूली-भोटेकोशी नदी प्रणालीको एउटा महत्वपूर्ण माथिल्लो सहायक नदी हो। यो नदी बुधबार चीन-नेपाल सीमा क्षेत्रमा गएको भीषण पहिरो र प्राकृतिक बाँध (कृत्रिम ताल) निर्माणको प्रमुख श्रोत बनेको छ। तालबाट पानी बाहिरिन थाले पनि आगामी तीन दिनमा थप ३० लाख घनमिटर पानी तालमा थपिने अनुमान गरिएको छ। यसले ताल फुट्ने उच्च जोखिम रहेको चेतावनी चिनियाँ जलस्रोत मन्त्रालयले जनाएको थियो।

**३५९ जनाको शव फेला**

बाढीमा परी ज्यान गुमाउनेको संख्या ३५९ पुगेको छ। नेपाल प्रहरीले बिहीबार साँझ ५ बजे दिएको अपडेटअनुसार बुधबार आएको बाढीमा परी ज्यान गुमाउनेको संख्या ३५९ पुगेको हो। प्रहरीका अनुसार रसुवामा १७, नुवाकोटमा २८, धादिङमा ३३, चितवनमा १३२, नवलपरासीपुर्वमा ८२, नवलपरासी पश्चिममा १५ र तनहुँमा २२ जनाको शव फेला परेको हो। यो संख्या अझै बढ्न सक्ने प्रहरीको आँकलन रहेको छ।

## ७ करोड सहयोग गर्ने बीवाईडी र साइमेक्स इन्कको घोषणा

**दमक**/ चिनियाँ विद्युतीय सवारीसाधन उत्पादक कम्पनी बीवाईडी र यसको नेपालस्थित आधिकारिक वितरक तथा स्थानीय साझेदार साइमेक्स इन्क प्रालिले रसुवा जिल्ला र अन्य क्षेत्रमा बुधबार विनाशकारी बाढीबाट प्रभावित समुदायको सहयोगका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ७ करोड रुपैयाँ सहयोग गर्ने घोषणा गरेका छन्।

विपद्को घडीमा नेपालीप्रति बीवाईडी र साइमेक्सको यो सहयोगले ऐक्यबद्धता र प्रतिबद्धतालाई झल्किएको छ। यो रकम नेपाल सरकारको आधिकारिक विपद् राहत र पुनर्स्थापना संयन्त्र मार्फत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयद्वारा सञ्चालन हुनेछ। यो रकम उद्धार, उपचार, तत्काल राहत, पुनर्स्थापना र क्षतिग्रस्त पूर्वाधार पुनर्निर्माणमा सरकारले गरिरहेको प्रयासमा सहयोगी हुने बीवाईडीले जनाएको छ।

## ग्लोबल आईएमई बैंकको ५ करोड सहयोग

**दमक**/ ग्लोबल आईएमई बैंकले भोटेकोशी नदीमा आएको भीषण बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनर्स्थापनाका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ५ करोड रुपैयाँ सहयोग घोषणा गरेको छ। बैंकका अनुसार भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, गोरखा तथा चितवनलगायतका नदी तटीय क्षेत्रमा ठूलो कटान तथा डुबान भएको छ। बाढीबाट मानवीय तथा भौतिक क्षति हुनुका साथै स्थानीय बस्ती, पुल, सडक तथा जलविद्युत् आयोजनामा समेत क्षति पुगेको छ। बाँकी ४ पेजमा ▸▸

## भारतले पठायो १० टन राहत सामग्री र औषधि

**दमक**/ भारतले नेपालमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको उद्धार तथा राहतका लागि १० टन मानवीय सहायता सामग्री र अत्यावश्यक औषधि पठाएको छ।

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले बाढीमा ज्यान गुमाएकाहरूका परिवार तथा प्रभावित सबैप्रति समवेदना व्यक्त गर्दै कठिन परिस्थितिमा भारत नेपाल र नेपाली जनताको साथमा रहेको बताएका छन्।

नेपालमा भोटेकोसीसहित विभिन्न नदीमा आएको बाढीका कारण ठूलो जनधनको क्षति भएको छ। बाढी प्रभावित क्षेत्रमा खोज तथा उद्धारसँगै राहत वितरणको काम जारी रहेका बाँकी ४ पेजमा ▸▸

## ३३ देशका ६ सय ४४ पर्यटक सम्पर्कविहीन

**दमक**/ रसुवाको भोटेकोशीमा आएको बाढीमा परेर ३३ देशका ६ सय ४४ पर्यटक सम्पर्कविहीन भएका छन्। नेपाल पर्यटन बोर्डले दिएको जानकारीअनुसार बुधबार बिहान भोटेकोशीमा आएको बाढीमा परेर १ सय २७ नेपालीसहित ६ सय ४४ पर्यटक सम्पर्कविहीन भएका हुन्। पर्यटन बोर्डका निमित्त प्रमुख कार्यकारी अधिकृत (सीइओ) हिक्मतसिंह ऐरले विभिन्न कम्पनीमार्फत गोसाइँकुण्ड र कैलाश मानसरोवर गएका ६ सय ४४ पर्यटक सम्पर्कविहीन भएको जानकारी दिए।

बेपत्ता हुनेमा सबैभन्दा धेरै भारतीय पर्यटक रहेका छन्। हालसम्म भारतका १७८, अमेरिकाका ६५, युक्रेनका ५३, मलेसियाका ५१, अष्ट्रेलियाका ३५ जना, संयुक्त अधिराज्य बेलायतका ३३ जना, क्यानडाका २५ जना रहेका छन्। यसबाहेक सिंगापुर, दक्षिण अफ्रिका, न्युजिल्याण्ड, जापान, जर्मनी, फ्रान्स, रुस, स्पेन, आयरल्याण्ड, नेदरल्याण्डलगायतका ३ सय ३३ देशका नागरिक बाढीमा परेर सम्पर्कविहीन भएको नेपाल पर्यटन बोर्डले जनाएको छ।

## रसुवामा ४१ पुलमा पूर्ण रुपमा क्षतिग्रस्त

**दमक**/ भोटेकोशी नदीमा आएको बाढीले रसुवामा ४१ वटा पुल पूर्ण रूपमा क्षतिग्रस्त बनाएको छ। पुलमा भएको क्षतिका कारण सडक सञ्जाल प्रभावित भएसँगै रसुवा आवतजावतमा थप समस्या भएको छ। पूर्वाधार विकास मन्त्रालयका अनुसार बाढीले रसुवामा करिब ४० किलोमिटर सडक पूर्ण रूपमा क्षति पुऱ्याएको छ। वेत्रावतीदेखि मैलुङ हुँदै स्याफ्रुबेसी-रसुवागढी जोड्ने सडक पूर्ण रूपमा क्षतिग्रस्त भएको छ। गल्छीदेखि त्रिशूलीसम्मको करिब १० किलोमिटर सडकसमेत बन्द छ।

क्षतिग्रस्त सडकमा यातायात सञ्चालनका लागि सरकारले बेलिब्रिज जडानलाई प्राथमिकता दिएको छ। सरकारसँग ५० मिटरसम्म लम्बाइका सातवटा बेलिब्रिज रहेकाले आवश्यकता र सम्भाव्यता पहिचान गरी जडानको काम अघि बढाइएको मन्त्रालयले जनाएको छ।

भारत र चीन सरकारले समेत आवश्यक बेलिब्रिज तत्काल उपलब्ध गराउने प्रतिबद्धता जनाएका छन्। पहिलो चरणमा पृथ्वीराजमार्ग सञ्चालनमा ल्याउने र रसुवालाई सडक सञ्जालसँग जोड्ने गरी काम भइरहेको छ। त्यसका लागि वेत्रावतीमा बेलिब्रिज राख्ने तयारी गरिएको छ। बाँकी ४ पेजमा ▸▸

## कांग्रेस महाविधेशन रोक्न सर्वोच्चले दिएन अन्तरिम आदेश

**दमक**/ नेपाली कांग्रेसको १५औँ महाधिवेशन रोक्न माग गर्दै परेको निवेदनमा सर्वोच्च अदालतले अन्तरिम आदेश दिन अस्वीकार गरेको छ। बिहीबार न्यायाधीशहरु नहकुल सुवेदी, महेश शर्मा पौडेल र मेघराज पोखरेलको इजलासले अन्तरिम आदेश जारी गर्न अस्वीकार गरेको हो। कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवा र पूर्वकार्यवाहक सभापति पूर्णबहादुर खड्काले १५औँ महाधिवेशन रोक्न माग गर्दै सर्वोच्चमा पूरक निवेदन दिएका थिए।

सर्वोच्चले यसअघि वैशाख ४ गते देउवा र खड्काको रिट खारेज गरिसकेको र उक्त फैसलामा कुनै कामकारबाही वा निर्णय रोक्न आदेश वा निर्देशन नदिएको अवस्थालाई अन्तरिम आदेश नदिनुको मुख्य आधार बनाएको छ।

सर्वोच्चको आदेशमा मागबमोजिम अन्तरकालीन आदेश जारी गर्नुपर्ने पूर्वावस्था प्रथम दृष्टिमै नदेखिएको उल्लेख छ। निर्वाचन आयोगले २०८२ माघ २ गते गगन थापा नेतृत्वको समितिलाई आधिकारिकता दिएको थियो। त्यसविरूद्ध देउवा र खड्काले दायर गरेको रिटमा सर्वोच्चको संयुक्त इजलासले २०८३ वैशाख ४ गते आयोगको निर्णय सदर गर्दै रिट खारेज गरेको थियो। पुनरावलोकनको आदेश भएमा फैसलाको कार्यान्वयन स्थगन गर्नुपर्ने कानुनी व्यवस्था भए पनि सम्बन्धित रिट नै खारेज भइसकेको अवस्थामा अन्तरिम आदेश दिनुपर्ने आधार नरहेको सर्वोच्चले स्पष्ट गरेको छ।

## सवारी दुर्घटनामा दुई जनाको मृत्यु

**दमक**/ पाँचथर र तेह्रथुममा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा दुई जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा एक जना जलविद्युत् आयोजनाका कर्मचारी छन्। पाँचथरको फिदिम नगरपालिका-८ मान्द्रेभीरमा अटो दुर्घटना हुँदा चालकको मृत्यु भएको प्रहरीले जनाएको छ। दुर्घटनामा फिदिम-८ का अन्दाजी ४२ वर्षीय सुजन राईको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ।

यस्तै, तेह्रथुमको म्याङलुङ नगरपालिका-९ बगाले होटलनजिक मध्यपहाडी लोकमार्गमा जलविद्युत् आयोजनाको सामग्री बोकेको पिकअप दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ। दुर्घटनामा फेदाप गाउँपालिका-४ का अन्दाजी ४० वर्षीय टेकबहादुर कटेलको मृत्यु भएको प्रहरीले जनाएको छ।

## दिवंगत श्रीमानको स्मृतिमा अक्षयकोष

**झापा**/ जिल्लाको विर्तामोडस्थित देवी माध्यमिक विद्यालयका पूर्व विद्यालय व्यवस्थापन समिति अध्यक्ष स्वर्गीय ज्ञानुराम प्रसाईको स्मृतिमा विद्यालयमा दुई लाख रुपैयाँको अक्षयकोष स्थापना गरिएको छ।

प्रसाईकी श्रीमती तथा बिर्तामोड नगरपालिकाकी नगरप्रमुख पवित्रा देवी महतारा प्रसाईले अक्षयकोषका लागि दुई लाख रुपैयाँको चेक वुधवार विद्यालयलाई हस्तान्तरण गरेकी हुन्। विद्यालयकी प्रधानाध्यापक अम्विका श्रेष्ठले चेक ग्रहण गरेकी थिइन्।

अभिभावक तथा विद्यार्थीको उपस्थितिमा आयोजित कार्यक्रममा उक्त चेक हस्तान्तरण गरिएको हो। विद्यालयका अनुसार अक्षयकोषबाट प्राप्त रकम विद्यार्थीको शैक्षिक विकास र उज्ज्वल भविष्यका लागि उपयोग गरिनेछ। स्वर्गीय प्रसाईको विद्यालयप्रतिको योगदान र स्मृतिलाई दीर्घकालसम्म जीवित राख्ने उद्देश्यले अक्षयकोष स्थापना गरिएको विद्यालयले जनाएको छ।

दमक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमक झापाको

**प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

**प्रथम पटक प्रकाशित मिति: २०८३/०५/११**

कोशी प्रदेश, झापा जिल्ला, दमक नगरपालिका नगर कार्यपालिकाको कार्यालय र कमल गाँउपालिका गाँउकार्यपालिकाद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | दमक नगरपालिका नगर कार्यपालिकाको कार्यालय दमक, झापा, कोशी प्रदेश<br>ईमेल: info@damakmun.gov.np<br>फोन नं.०२३५९७००० Ext No. ६४१ |
| प्रस्तावको व्यहोरा | रतुवा खोला (दमक कमल खण्ड) बाट ढुङ्गा, गिट्टी र वालुवाको उत्खनन/संकलन तथा बिक्री कर संकलन |
| प्रभाव पर्न सक्ने क्षेत्र | दमक नगरपालिका (वडा नं. १, २, ७, ८ र १० ) र कमल गाँउपालिका (वडा नं. ५, ६ र ७) |
| परामर्शदाताको नाम र ठेगाना | इकोग्रीन कन्सल्टेन्सी प्रा.लि., बिर्तामोड-१०, झापा<br>सम्पर्क नं. ९८१५०८२०८७<br>इमेल : eco.geenary@gmail.com |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रहरुको भौतिक तथा रसायनिक, जैविक, सामाजिक, आर्थिक र सांस्कृतिक प्रणालीहरुमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न दमक नगरपालिका (वडा नं. १, २, ७, ८ र १०) र कमल गाउँपालिका (वडा नं. ५, ६ र ७) तथा त्यस क्षेत्रका स्थानीय वासीहरु, सरोकारवाला व्याक्तिहरु तथा स्थानीय तहका प्रतिनिधीहरु समेतलाई सहभागी गराई सार्वजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने भएकाले यस प्रस्तावसँग सरोकार राख्ने सम्पुर्ण सरोकारवाला व्याक्तिहरु निम्न मिति र समयमा उपस्थित हुन अनुरोध गर्दै यो सूचना प्रकाशन गरिएको हो।

**कार्यक्रम आयोजना गरिने स्थान र समय**

| मिति | समय | स्थान | प्रभावित न.पा./गा.पा.(वडा) |
|---|---|---|---|
| २०८३/०५/२३ गते, मंगलबार | बिहान ११ बजे | ७ नं वडा कार्यालय, दमक नगरपालिका | दमक नगरपालिका (वडा नं. १, २, ७, ८ र १०) र कमल गाँउपालिका (वडा नं. ५, ६ र ७) |

*प्रमुख प्रशासकीय अधिकृत*

# सम्पादकीय

## विपदमा सम्पूर्ण शक्ति उद्धार र राहतमा केन्द्रित गरौं

भोटेकोशी र त्रिशूली नदीमा आएको विनाशकारी बाढीले रसुवा, नुवाकोट र धादिङलगायतका क्षेत्रमा ठूलो जनधनको क्षति पुऱ्याएको छ । बाढीले घर, पसल, सडक, पुल, जलविद्युत् आयोजना, भन्सार तथा सुरक्षाका संरचना बगाउँदा कैयौँ नागरिक बेपत्ता भएका छन् भने सयौँ परिवार प्रभावित र विस्थापित भएका छन् । यस्तो राष्ट्रिय विपत्तिको घडीमा राज्यको पहिलो प्राथमिकता उद्धार, उपचार, राहत र जोखिममा रहेका नागरिकलाई सुरक्षित स्थानमा पुऱ्याउनु हुनुपर्छ ।

बाढीले बगाएका घरायसी तथा अन्य सामान स्थानीयले संकलन गरिरहेका भिडियो तथा तस्बिरहरु सामाजिक सञ्जालमा प्रशस्त देखिएका छन् । कतिपयले ठूलो संख्यामा ग्यास सिलिन्डरलगायतका सामग्री संकलन गरेका दृश्यसमेत सार्वजनिक भएका छन् । यस्ता सामग्री संकलन गर्नेहरुलाई धन्यवाद दिँदै सरकारले ती सामानको सुरक्षित अभिलेख राख्ने, वर्गीकरण गर्ने र वास्तविक पीडित परिवारलाई जिम्मा लगाउने व्यवस्था मिलाउनुपर्छ । विपत्तिमा बगेका उपयोगी सामान हराउने वा दुरूपयोग हुने होइन, पीडितको पुनःस्थापनामा प्रयोग हुने वातावरण बनाउनुपर्छ ।

मानवीय क्षतिको पूर्ण विवरण अझै स्पष्ट भइसकेको छैन । भौतिक संरचनाको वास्तविक क्षतिको आँकलन गर्न पनि समय लाग्नेछ । नदी किनारमा थुप्रिएको लेदो, भत्किएका संरचना, बगेका पुल र क्षतिग्रस्त सडकले विपत्तिको गम्भीरता देखाइरहेका छन् । सडक र सञ्चार सम्पर्क टुटेका कारण कतिपय नागरिक अझै जोखिममा छन् । त्यसैले अहिले क्षतिको हिसाबभन्दा पनि मानिसको जीवन जोगाउनु सबैभन्दा महत्त्वपूर्ण हो ।

सरकारले प्रभावित क्षेत्रलाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गर्नु, उद्धारका लागि सुरक्षा निकाय तथा हेलिकप्टर परिचालन गर्नु र घाइतेको उपचार तथा विस्थापितलाई आश्रयको व्यवस्था गर्नु सकारात्मक कदम हुन् । तर निर्णय घोषणा गरेर मात्र दायित्व पूरा हुँदैन । दुर्गम क्षेत्रमा उद्धार टोली, चिकित्सक, औषधि, खाद्यान्न, खानेपानी र अस्थायी आवास तत्काल पुऱ्याउनुपर्छ । सञ्चारविहीन क्षेत्रमा वैकल्पिक सञ्चार व्यवस्था गर्नुपर्छ भने सडक, पुल, विद्युत् र खानेपानी सेवा पुनःस्थापनाको काम तीव्र गतिमा अघि बढाउनुपर्छ ।

राहत वितरणमा राजनीतिक पहुँच, पक्षपात, भ्रष्टाचार वा ढिलासुस्ती स्वीकार्य हुनु हुँदैन । विपत्तिको पीडा सबै नागरिकको साझा पीडा हो । राहत सामग्री गोदाममा थन्किएर होइन, पीडितको हातमा पुगेपछि मात्र सहयोगको अर्थ पूरा हुन्छ । आन्तरिक तथा बाह्य स्रोतबाट प्राप्त सहयोग पारदर्शी रुपमा परिचालन गर्ने र त्यसको विवरण सार्वजनिक गर्ने व्यवस्था आवश्यक छ ।

यो एकअर्कालाई दोष लगाउने वा जस लिने समय होइन । सरकार, राजनीतिक दल, सुरक्षा निकाय, स्थानीय तह, नागरिक समाज, निजी क्षेत्र र आमनागरिक सबैले आ(आफ्नो ठाउँबाट भूमिका निर्वाह गर्नुपर्छ । प्राकृतिक विपत्तिको कारण र भविष्यको जोखिमबारे दीर्घकालीन अध्ययन पनि आवश्यक छ । पूर्वसूचना प्रणाली, नदी निगरानी, जोखिमयुक्त बस्तीको व्यवस्थापन र सुरक्षित स्थानान्तरणलाई प्रभावकारी बनाउनुपर्छ ।

तर अहिलेको प्राथमिकता स्पष्ट छ(ज्यान बचाउने, घाइतेको उपचार गर्ने, पीडितलाई राहत दिने र जोखिममा रहेका नागरिकलाई सुरक्षित स्थानमा पुऱ्याउने । पुनःस्थापना र पुनर्निर्माणको चरण पछि आउँछ । अहिले राज्यका सबै संयन्त्रको एउटै लक्ष्य हुनुपर्छ( सम्पूर्ण शक्ति उद्धार र राहतमा केन्द्रित गर्नु । यही नै विपत्तिमा परेका नागरिकप्रतिको सच्चा सम्मान र राष्ट्रिय एकताको वास्तविक परिचय हुनेछ ।

# हराएका पदचाप : मामाघर जाने बाटो



सुजन आचार्य
omgautam2078@gmail.com

> यात्राको अविस्मरणीय ठाउँ थियो माझी ठुलोबुवाको होटल । मावा खोलाको बगरमा माछा मार्दै सानो होटल चलाउने भएकाले उहाँलाई सबैले 'माझी' भनेर चिन्थे । यात्रा पूरा गर्न नसके, अँध्यारो भए वा मावा खोलामा बाढी आए यात्रुका लागि त्यही होटल आश्रय बन्थ्यो । प्रति बेड तीस रूपैयाँमा बास पाइन्थ्यो ।

> बेलडाँगी पुगेपछि गाडीको आवाज र गन्धले गाउँबाट आएका हामीलाई झस्काउँथ्यो । गाडी देख्दा उत्साह हुन्थ्यो, तर चढ्नुअघि नै बान्ता सुरू हुन्थ्यो । झ्यालबाट बाहिर हेर्दै म र मेरी बहिनी ठूला गाडीलाई 'माउ गाडी' र सानालाई 'बच्चा गाडी' भन्थ्यौँ । बाल्यकालको त्यो कल्पनामा संसार कति सरल थियो ।

"३ बजिसक्यो, छिटो उठेर हातमुख धो । अब हिँड्नुपर्छ, फेरि साथीहरूले छोड्छन् ।"

मम्मीको यही आवाजको सम्झनाले मेरा बाल्यकालका धेरै याद आज पनि जीवित छन् । मामाघर झापा जाने दिन त्यो आवाजमा बेग्लै उत्साह मिसिएको हुन्थ्यो । निद्रा आँखामै हुन्थ्यो, तर मन भने झापा पुगिसकेको हुन्थ्यो । मामाघर जान पाउनु हाम्रा लागि सामान्य यात्रा थिएन, वर्षदिन कुरेर आउने एउटा उत्सव थियो ।

मेरो जन्मथलो इलामको दुर्गम गाउँ गजुरमुखी । त्यतिबेला गाउँमा न बिजुली थियो, न सडक । यातायातका साधन त कल्पनामै सीमित थिए । झापा पुग्न करिब चालीस–पचास किलोमिटर पैदल हिँड्नुपर्थ्यो । त्यो यात्रा एक्लै गरिँदैनथ्यो । गाउँभरिका मानिस समूह बनाएर हिँड्थे । राति झिसमिसै, कुखुराले बास फेर्नुअघि पुल्ठो बालेर यात्रा सुरू हुन्थ्यो ।

नांङ्गरूङ् स्कुल अर्थात् महेन्द्रोदय माध्यमिक विद्यालयको खेल मैदानमा भेला भएर यात्रा सुरू गर्दा गाउँ अझै निदाएकै हुन्थ्यो । पुल्ठोको मधुरो उज्यालोले अँध्यारो बाटो चिर्दै हामी अघि बढ्थ्यौँ । बाटो सुरक्षित थिएन । चोरको डर, जङ्गल, उकालो(ओरालो र पहिरोको जोखिम थियो । सानो उमेरका हामीलाई प्रत्येक झाडीभित्र केही लुकेको छ कि जस्तो लाग्थ्यो । त्यसैले समूह नै हाम्रो सुरक्षा थियो ।

पूर्व क्षितिज राताम्मे हुँदै जाँदा हामी देउराली, हुलाक, रातेपोखरी पार गरिसकेका हुन्थ्यौँ । चिसापानी पञ्चमी बजार पनि पछाडि छुटिसकेको हुन्थ्यो । बिहानको पहिलो घामले डाँडाका टुप्पाहरु सुनौलो बनाउँदा थकान केही हलुका हुन्थ्यो ।

त्यसपछि आउँथ्यो रमिते डाँडा । त्यहाँबाट तल हेर्दा उदाउँदै गरेको सूर्यका किरणले तराईका विशाल फाँटहरु सुनौलो बनाइरहेका हुन्थे । घुमाउरा खोलाहरु र टाढासम्म फैलिएका मैदानको दृश्य बालमनका लागि संसारकै सुन्दर दृश्य थियो । रमिते डाँडा पार गरेपछि बाँझो गाउँतिर ओरालो लागिन्थ्यो । ढुङ्गे बाटोमा हरेक पाइला सावधानीपूर्वक चाल्नुपर्थ्यो ।

बाँझो गाउँमा पुगेपछि धेरैले घरबाट बोकेर ल्याएको चिउराको पोको खोल्थे । स्थानीयसँग दही किनेर दही( चिउरा खाएपछि टोड्के र कुसुन्डेको ठाडो ओरालो सुरू हुन्थ्यो । साँघुरा एकपाइले बाटा, डरलाग्दा भीर र पहिरोले डर पनि देखाउँथे, साहस पनि सिकाउँथे । एकअर्काको हात समात्दै र ठूलो मान्छेको पछिपछि लाग्दै हामी ती बाटा पार गर्थ्यौँ ।

त्यसपछि प्रवेश हुन्थ्यो पेरूङ्गेको चेप । छिपछिप पानी बग्ने साँघुरो ढुङ्गे बाटो र दुवैतर्फ ठडिएका विशाल पहाडले त्यसलाई रहस्यमय बनाएका थिए । घामसमेत छिर्न गाह्रो हुने त्यो ठाउँमा हामी कराउँथ्यौँ र आफ्नै आवाज चार(पाँच पटक प्रतिध्वनित भएर फर्किंदा रमाउँथ्यौँ । तर त्यही बाटोमा चोरी र लुटपाटका घटना भएको कथा सुनेका कारण डर पनि उत्तिकै लाग्थ्यो । पेरूङ्गेको चेपमा रोमाञ्च र त्रास सँगसँगै हुन्थे ।

पेरूङ्गे पार गर्न लाग्दा टाढा एक्ले चुली देखिन्थ्यो र मावा खोलाको गर्जन कानमा पर्न थाल्थ्यो । त्यसपछि सुरू हुन्थ्यो अर्को चुनौती । मावा खोला करिब दुई घण्टाको यात्रामा दर्जनौँ पटक तर्नुपर्थ्यो । चिसो पानी, चिप्ला ढुङ्गा र तीव्र बहावले खुट्टा थरथराउँथे । तर गन्तव्य नजिकिँदै गएको अनुभूतिले थकान बिर्साइदिन्थ्यो । बुढापाकाहरूले मावा खोलाले मान्छे, कोसेलीका पोका, नुनका बोरा तथा कागती–सुन्तलाले भरिएका ढाकर बगाएका कथा सुनाउँथे । ती कथा हाम्रो यात्राका रोमाञ्चक संस्मरण मात्र थिएनन्, पहाडको संघर्ष र जीवनको यथार्थ पनि थिए ।

त्यो बाटोमा खाजा पसलको सुविधा थिएन । कसैसँग चिउरा, कसैसँग चाम्रे, फलफूल वा ढकनी हुन्थ्यो । भोक लागेपछि रूखको छहारी वा ठूलो ढुङ्गाको आडमा बसेर खाजा खान्थ्यौँ । साथीभाइबीच खानेकुरा साटासाट गरेर खाँदाको स्वाद आजका महँगा होटलले पनि दिन सक्दैनन् ।

बाटोमा सिमल तरूल र पिँढालु पनि पाइन्थे । उसिनेर बेच्न राखिएका ती तरूलका टुक्रा खाँदा खुट्टाको दुखाइ कम हुने विश्वास थियो । बाटोमा भेटिने खरिदी, गाईवस्तु, बाख्राका झुन्ड र ढाक्रेहरु पनि यात्राका अभिन्न पात्र थिए । ढाकर बोकेर पसिनाले भिज्दै पहाडका कागती, सुन्तला र अन्य उत्पादन तराईतिर लैजाने उनीहरूको दृढ पाइला देख्दा हामी छक्क पर्थ्यौँ ।

बुढापाकाहरूले आफ्ना संघर्षका कथा सुनाउँथे । उनीहरु यही बाटो हुँदै कृषि उत्पादनका भारी बोकेर तराईको मधुमल्ला बजार पुग्थे । सामान बेचेर नुन, मट्टितेल, कपडा र अन्य आवश्यक सामग्री किनेर फेरि गाउँ फर्कन्थे । "हाम्रो पालामा..." भनेर सुरू हुने ती कथाले हाम्रो थकान बिर्साइदिन्थ्यो । उनीहरूको संघर्षले हामीलाई आफ्नो यात्रा पूरा गर्ने हौसला दिन्थ्यो ।

यात्राको अविस्मरणीय ठाउँ थियो माझी ठुलोबुवाको होटल । मावा खोलाको बगरमा माछा मार्दै सानो होटल चलाउने भएकाले उहाँलाई सबैले 'माझी' भनेर चिन्थे । यात्रा पूरा गर्न नसके, अँध्यारो भए वा मावा खोलामा बाढी आए यात्रुका लागि त्यही होटल आश्रय बन्थ्यो । प्रति बेड तीस रूपैयाँमा बास पाइन्थ्यो ।

म सायद पाँच(सात वर्षको थिएँ । एकपटक त्यही होटलमा बस्दा मम्मीले जिस्क्याउँदै "आज त सुँगुरको मासु पाकेको छ" भन्नुभयो । मैले मासु खानै मानिनँ । ड्याडीमम्मीले खसीको मासु हो भन्दा पनि पत्याइनँ । अन्ततः माझी ठुलोबुवाले खसीका खुट्टा ल्याएर देखाउनुभयो । तर बालमनले त्यसलाई पनि पत्याएन । आज सम्झँदा त्यो घटना आफैँमा रमाइलो लाग्छ ।

त्यो रात पराल ओछ्याएर त्यसमाथि तन्ना बिछ्याइएको थियो । शिरानीको सट्टा घोडाको पुच्छरमा अड्याउन प्रयोग हुने परालको लुइँठो राखिएको थियो । दिनभरको कठोर यात्रापछि त्यही परालको ओछ्यानमा निदाउँदाको आनन्द आजका सुविधासम्पन्न ओछ्यानले पनि दिन सक्दैनन् ।

घण्टौँ हिँडेपछि शिखरकटेरी हुँदै बेलडाँगी शरणार्थी शिविरतिर लाग्दा झापा नजिकिएको अनुभूति हुन्थ्यो । दसैँका लागि किनिएका नयाँ लुगा रूखको छहारीमुनि लुकेर फेर्थ्यौँ । कसैको झोलाबाट नयाँ लुगा, चुरापोते, काइँयो, ऐना, तेल र पाउडर निस्कन्थ्यो । सबै आफूलाई सबैभन्दा राम्रो देखाउने प्रयास गर्थे । नयाँ लुगा लगाएपछि थकान हराउँथ्यो र हामीलाई लाग्थ्यो(अब त दसैँ साँच्चै सुरू भयो ।

बेलडाँगी पुगेपछि गाडीको आवाज र गन्धले गाउँबाट आएका हामीलाई झस्काउँथ्यो । गाडी देख्दा उत्साह हुन्थ्यो, तर चढ्नुअघि नै बान्ता सुरू हुन्थ्यो । झ्यालबाट बाहिर हेर्दै म र मेरी बहिनी ठूला गाडीलाई 'माउ गाडी' र सानालाई 'बच्चा गाडी' भन्थ्यौँ । बाल्यकालको त्यो कल्पनामा संसार कति सरल थियो ।

आज गाउँमा सडक पुगेको छ, बिजुली बलेको छ । केही घण्टामै त्यही दूरी पार गर्न सकिन्छ । पुल्ठोको उज्यालो हराएको छ, पेरूङ्गेको चेपका पदचाप हराएका छन् र रूखमुनि नयाँ लुगा फेर्ने चलन पनि हराउँदै गएको छ । तर ती यात्राले दिएको दुःखमा पनि रमाउन सक्ने क्षमता, सँगै हिँड्ने संस्कार, बाँडेर खाने बानी र सानो कुरामै ठूलो खुसी भेट्ने कला अझै मनमा जीवित छन् ।

आज हामी हाइकिङ ब्याग, स्टिक, क्याप र सनस्क्रिन बोकेर प्रकृतिको खोजीमा निस्कन्छौँ । केही घण्टाको यात्रापछि सामाजिक सञ्जालमा तस्बिर राखेर त्यसलाई हाइकिङ भन्छौँ । तर फर्केर हेर्दा लाग्छ, वास्तविक हाइकिङ त हामीले त्यही बेला गरेका रहेछौँ । कुनै महँगा उपकरण थिएनन्, देखावटीपन थिएन । थियो त केवल प्रकृतिसँगको निष्कपट सहयात्रा र जीवनसँगको साक्षात्कार ।

सायद त्यसैले ती पदचाप आज पनि स्मृतिमा जीवित छन् । बाटो छोटिएको छ, सुविधा बढेको छ, तर सम्झनाहरु अझै लामा छन् । कहिलेकाहीँ लाग्छ, गन्तव्यभन्दा सुन्दर त ती यात्राहरु नै रहेछन् ।

आज पनि आँखा चिम्लँदा आमाको आवाज कानमै गुञ्जिन्छ– "३ बजिसक्यो, छिटो उठेर हातमुख धो । अब हिँड्नुपर्छ, फेरि साथीहरूले छोड्छन् ।" मेरो बाल्यकाल त्यो वाक्यभित्र आज पनि जीवित छ ।

सम्पादित अंश

## सामाजिक सञ्जाल

### प्रेम राईको डाइलग ........



२०८३ जेठ १ गते नेकपा एमालेले सरकारको खातामा ३ करोड ६७ लाख रूपैयाँ फिर्ता गऱ्यो ।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीसहित भिआइपीहरूको विदेशमा उपचारको नाममा राज्यकोषबाट खर्च भएको रकम एमालेले खातामा फिर्ता गरेको थियो । जनस्वास्थ्य ऐन २०७५ को दफा ३० विपरीत विदेशमा गरिएको उपचारको खर्च राज्यकोषबाट गरिएको थियो ।

तत्कालीन प्रधानमन्त्री ओलीको उपचारमा २ करोड ३९ लाख, पूर्वराष्ट्रपति रामवरण यादवको उपचारमा ७० लाख र पूर्वप्रधानमन्त्री झलनाथ खनालको उपचारमा ८१ लाख रूपैयाँ परराष्ट्र मन्त्रालयबाट निकासा गरिएको थियो ।

त्यतिबेला राज्यकोषको रकम फिर्ता गरेपछि भ्रष्टाचार मुद्दा नलाग्ने आँकलनका साथ एमालेले पैसा सरकारी खातामा हालेको थियो ।

यसरी पैसा फिर्ता गर्दैमा के साँच्चै भ्रष्टाचारबाट उन्मुक्ति पाइने हो त ?

रास्वपाका सांसद दीपक बोहोराले प्रतिनिधि सभाको राज्य व्यवस्था एवं सुशासन समितिमा आज अख्तियारका प्रमुख आयुक्त प्रेमकुमार राईलाई ठ्याक्कै यही प्रश्न सोधेका थिए। बोहोराले सोधेका थिए - कतै अख्तियारले पो मुद्दाबाट जोगिन पैसा तिर्न भनेको त होइन ? बोहोराको प्रश्नपछि अख्तियार प्रमुख राईले रोचक जवाफ दिए ।

'हामीले कसैलाई तिर वा नतिर भन्ने अवस्था होइन ।

यो सरकार आएपछि पनि प्रधानमन्त्री र मन्त्रीहरूको पारिश्रमिक तथा सेवा सर्तसम्बन्धी विशेष ऐन ज्यूँदै छ । त्यो ऐनले प्रधानमन्त्री र मन्त्रीहरूले विदेशमा गएर गरेको उपचार खर्च दिइनेछ भनेको छ । ऐन ज्यूँदै छ । ऐन खारेज गर्ने अनि त्यसपछि कुरा गर्ने ।' राईले थपे - राष्ट्रपतिको पनि सेवा सर्तसम्बन्धी ऐन छ । त्यसमा मेडिकल बोर्डको सिफारिसमा विदेशमा भएको भए खर्च दिने भनिएको छ । प्रधानमन्त्री र मन्त्रीलाई मेडिकल बोर्डको सिफारिस पनि चाहिँदैन। राष्ट्रपति र प्रधानमन्त्रीको विशेष ऐन भएकाले उनीहरूका लागि विशेष ऐन नै लागू हुन्छ ।

त्यसपछि राईले ट्याक्कै डाइलग मारे - 'तिरे, उनीहरूलाई घाटा लाग्न थाल्यो कि जस्तो लाग्यो मलाई त ।'

## धर्मसंस्कृति

# आज जनैपूर्णिमा तथा रक्षा बन्धन





दमक । श्रावण शुक्ल पूर्णिमाका दिन मनाइने जनै पूर्णिमा तथा रक्षाबन्धन पर्व आज हिन्दु धर्मावलम्बीले धार्मिक विधि र सांस्कृतिक परम्परासहित मनाउँदैछन् । यस अवसरमा बिहानै स्नान, ऋषितर्पण, नयाँ जनै धारण तथा रक्षा सूत्र बाँध्ने गरिन्छ । तिथिका आधारमा मनाइने भएकाले यो पर्व हरेक वर्ष फरक महिना, बार र गतेमा पर्ने गर्छ ।

जनै पूर्णिमाका दिन श्रद्धालुहरु नदी, पोखरी, ताल तथा अन्य जलाशयमा स्नान गरी वैदिक विधिअनुसार सप्तर्षि र अन्य ऋषिहरूको पूजा तथा तर्पण गर्छन् । त्यसपछि मन्त्रद्वारा अभिमन्त्रित नयाँ यज्ञोपवीत अर्थात् जनै धारण गर्ने परम्परा छ । ब्राह्मण, क्षत्री र वैश्य समुदायका तागाधारीले पुरानो जनै त्यागेर नयाँ जनै लगाउने तथा गायत्री मन्त्र जप र श्रावणी कर्म गर्ने धार्मिक विधान रहेको छ ।

रक्षाबन्धनका क्रममा गुरू, पुरोहित वा परिवारका ज्येष्ठ सदस्यबाट रक्षा सूत्र बाँध्ने गरिन्छ । रक्षा सूत्र बाँध्दा 'येन बद्धो वलीराजा दानवेन्द्रो महावलः' मन्त्र उच्चारण गर्ने परम्परा छ । पौराणिक मान्यताअनुसार देवगणलाई दानवराज बलिबाट जोगाउन गुरू बृहस्पतिले रक्षा विधान तयार गरेका थिए । त्यही परम्पराको स्मरण गर्दै रक्षा सूत्र बाँध्ने गरिएको धार्मिक विश्वास छ ।

जनैलाई धार्मिक रूपमा पवित्र र अनुशासनको प्रतीक मानिन्छ । विधिपूर्वक जनै धारण गर्दा मानिसलाई संयमित, शुद्ध र सत्मार्गमा अघि बढ्न प्रेरणा मिल्ने विश्वास गरिन्छ । जनै पूर्णिमाका दिन अज्ञानवश भएका गल्ती तथा दोषको प्रायश्चित्तका लागि स्नान, सूर्य आराधना, प्राणायाम, अग्निहोत्र र ऋषिपूजालगायतका कर्म गर्ने चलनसमेत छ ।

यस पर्वमा क्वाँटी खाने परम्परा पनि विशेष छ । ११ प्रकारका गेडागुडी भिजाएर टुसा उमारेर तयार गरिने क्वाँटी जनै पूर्णिमाका दिन खाने गरिन्छ । धार्मिक तथा आयुर्वेदिक मान्यताअनुसार क्वाँटी वर्षायाममा शरीरमा लागेको चिसो हटाउन, पाचन प्रणालीलाई सहज बनाउन र शरीरमा ऊर्जा प्रदान गर्न उपयोगी मानिन्छ ।

रक्षाबन्धनको अर्को महत्वपूर्ण पक्ष राखी बाँध्ने परम्परा हो । नेपालका तराई(मधेस तथा भारतका विभिन्न क्षेत्रमा दिदीबहिनीले दाजुभाइको नाडीमा राखी बाँधेर दीर्घायु, सुस्वास्थ्य र प्रगतिको कामना गर्छन् । दाजुभाइले पनि दिदीबहिनीलाई उपहार तथा दक्षिणा दिने गर्छन् ।

पछिल्लो समय राखी बाँध्ने परम्परा हिमाल, पहाड र तराईका विभिन्न समुदायमा समेत फैलिएको छ । धार्मिक आस्था, पारिवारिक स्नेह र आपसी सद्भावसँग जोडिएको जनै पूर्णिमा तथा रक्षाबन्धनले नेपाली समाजमा सांस्कृतिक एकता र भाइचारा कायम गर्ने सन्देशसमेत दिँदै आएको छ ।

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

# विपद् समाधानमा राजनीतिक दलको ऐक्यबद्धता

**दमक । विपद्ले राजनीतिक सीमा चिन्दैन, न त यसले दल, विचार र भूगोल छुट्याउँछ । नेपाल-चीन सीमावर्ती क्षेत्रबाट भोटेकोशीलगायत नदी बेसिनमा आएको अप्रत्याशित बाढीले निम्त्याएको मानवीय र भौतिक क्षतिपछि मुलुकका राजनीतिक दलहरु पनि साझा संकटको सामना गर्न एउटै ठाउँमा उभिएका छन् । बिहीबार सिंहदरबारमा बसेको सर्वदलीय बैठकले बाढीबाट भएको क्षतिलाई राष्ट्रिय विपत्तिका रुपमा लिँदै राजनीतिक मतभेदभन्दा माथि उठेर उद्धार, राहत र पुनःस्थापनामा एकजुट हुने संकल्प गरेको हो । बैठकले रसुवा, नुवाकोट, धादिङ, गोरखा, चितवन, नवलपरासीलगायत जिल्लामा भएको मानवीय क्षति, भौतिक संरचनाको विनाश तथा वातावरणीय प्रभावप्रति गहिरो दुःख व्यक्त गर्दै राज्यका सबै संयन्त्रलाई प्रभावकारी रुपमा परिचालन गर्नुपर्नेमा जोड दिएको छ । बाढीमा ज्यान गुमाएकाप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारप्रति समवेदना व्यक्त गरिएको छ ।**

## सार्वजनिक गरे १० संकल्प



**सर्वदलीय बैठकका दश बुँदे संकल्प**

नेपाल र मित्रराष्ट्र चीनको सिमावर्ती क्षेत्रबाट भोटेकोशीलगायतका नदी बेसिनमा आएको अप्रत्याशित र अकल्पनीय बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, गोरखा, चितवन, नवलपरासीसहितका जिल्लाहरूमा पर्न गएको असीमित मानवीय क्षति, भौतिक संरचनाको विनाश र वातावरणीय संकटप्रति बिहीबार सम्पन्न सर्वदलीय बैठक गहिरो शोक र राष्ट्रिय पीडा व्यक्त गर्दछ ।

यस अकल्पनीय प्राकृतिक विपत्तिमा परी निधन भएका नागरिकहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै, शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ । घाइते नागरिकहरूको शीघ्र र पूर्ण स्वास्थ्य लाभको कामना गर्दै उपचार, हेरचाह र मनोसामाजिक परामर्शको अभिभारा राज्यले वहन गर्ने कुरामा हामी सबै राजनीतिक दलहरु एकमत छौँ ।

विपद्को यो संवेदनशील घडी केवल एउटा भूगोल वा सरकारको मात्र संक्ट नभई सिङ्गो राष्ट्रको साझा परीक्षणको समय हो । यस विषम परिस्थितिमा हामी सम्पूर्ण राजनीतिक दलहरु आफ्ना वैचारिक मतभेद भन्दा पर रही नागरिकको जीवन रक्षा र राष्ट्रिय हितलाई सर्वोपरि राखी एकढिक्का हुने प्रतिबद्धता व्यक्त गर्दछौँ ।

यस संकटको दिगो समाधान र पूर्वतयारीका लागि हामी निम्न साझा संकल्प प्रस्तुत गर्दछौंः

**१. राहत कार्यको गैर-राजनीतिकरण**

विपद्को समयमा गरिने सहयोग सस्तो लोकप्रियता वा राजनीतिक स्वार्थपूर्तिको माध्यम बन्नु हुँदैन भन्नेमा हामी सम्पूर्ण दलहरु स्पष्ट छौँ । तसर्थ, उद्धार र राहत कार्यमा खटिँदा राजनीतिक प्रतिष्पर्धाभन्दा सहकार्यको भावनालाई प्रोत्साहित गर्न आह्वान गर्दछौँ । दलहरूका नेता, सदस्य र शुभचिन्तकहरूलाई दलगत पहिचानभन्दा माथि उठेर विशुद्ध मानवीय स्वयंसेवकका रूपमा मात्र खटिन आग्रह गर्दछौँ ।

**२. आर्थिक संक्लनमा सरकारी एकद्वार प्रणालीको पालना**

विपद् व्यवस्थापनमा हुने आर्थिक संक्लन पारदर्शी र व्यवस्थित हुनुपर्छ । कोही कसैले पनि दलगत वा व्यक्तिगत रूपमा आफूखुसी आर्थिक संक्लन गर्ने कार्य नगर्न नगराउन हामी आ-आफ्ना पार्टी पङ्क्तिलाई निर्देशन दिन्छौँ । सम्पूर्ण पार्टी पक्ति, स्वदेश तथा विदेशमा रहेका नागरिक र

शुभचिन्तकहरूलाई नेपाल सरकारको आधिकारिक 'प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष' वा सरकारले तोकेको आधिकारिक खातामा मात्र आर्थिक सहयोग जम्मा गर्न हामी विशेष आह्वान गर्दछौँ ।

**३. सामाजिक सञ्जालको विवेकसम्मत प्रयोग र संवेदनशील सूचना प्रवाह**

विपद्को संवेदनशील घडीमा सामाजिक सञ्जालमा फैलिन सक्ने भ्रामक सूचना र अतिरञ्जित दृश्यहरूले समाजमा मनोवैज्ञानिक त्रास सिर्जना गर्नुका साथै प्रभावितहरूको गोपनीयता र आत्मसम्मानमा चोट पुऱ्याउन सक्दछ । तसर्थ, आधिकारिक निकायबाट प्रमाणित सूचनाहरु मात्र सम्प्रेषण गर्न र सामाजिक सञ्जालको संयमित, विवेकसम्मत र उत्तरदायी प्रयोग गर्न हामी सम्पूर्ण नागरिक तथा सञ्चारमाध्यमहरूलाई अनुरोध गर्दछौँ ।

**४. हिमतालहरूको वैज्ञानिक अध्ययन र सीमापार संयुक्त पहल**

जलवायु परिवर्तनका कारण नेपालको हिमाली क्षेत्र र मित्रराष्ट्र चीनको तिब्बत क्षेत्रमा रहेका हिमतालहरु पग्लिने र विष्फोट हुने उच्च जोखिममा छन् । यसपटकको बाढीले भविष्यमा हुन सक्ने अझ ठूलो महाविपत्तिको संकेत गरिसकेको छ । तसर्थ, भविष्यको अकल्पनीय क्षतिलाई रोक्न अहिलेदेखि नै नेपालभित्रका जोखिमपूर्ण हिमतालहरूको विस्तृत वैज्ञानिक अध्ययन र नक्सांकन अविलम्ब सुरू गर्न हामी सरकारसँग माग गर्दछौं । साथै, सीमापार (चीनतर्फ) रहेका हिमतालहरूको जोखिम आकलन र न्यूनीकरणका लागि मित्रराष्ट्र चीनसँग तत्काल उच्चस्तरीय कूटनीतिक पहल गरी संयुक्त वैज्ञानिक तथा प्राविधिक अध्ययन संयन्त्र गठन गर्न सरकारको गम्भीर ध्यानाकर्षण गराउँछौं ।

**५. विपद् कूटनीति र पूर्वसूचना प्रणाली**

नदी प्रणालीहरूको सीमापार प्रकृतिका कारण दुई देशबीच पूर्वसूचना प्रणालीको 'रियल टाइम डाटा' आदानप्रदानलाई अझै सुदृढ र संस्थागत गर्न आवश्यक छ । माथिल्लो तटीय क्षेत्रमा कुनै पनि प्राकृतिक हलचल हुनासाथ तल्लो तटीय क्षेत्रका नागरिकलाई सुरक्षित गर्न सकिने गरी प्रविधिमैत्री र भरपर्दो संयन्त्र विकास गर्न सरकारलाई सुझाव दिन्छौं ।

**६. राष्ट्रिय एकता र समावेशी उद्धार**

विपद् व्यवस्थापनमा पहिलो प्रतिकार्यकर्ताका रूपमा स्थानीय तहले निर्वाह गरेको भूमिकाको हामी उच्च मूल्यांकन गर्दछौँ । महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरु विपद्मा

सर्वाधिक जोखिममा पर्ने यथार्थलाई मनन गर्दै तीनको उद्धार, राहत र व्यवस्थापनमा पहिलो प्राथमिकता दिन आग्रह गर्दछौँ ।

**७. उत्थानशील पुनर्निर्माण र शून्य सहनशीलता**

भत्किएका संरचनाको अझ उन्नत र सुरक्षित पुनर्निर्माणको राष्ट्रिय अभियान अविलम्ब सुरू गरिनु पर्दछ । साथै, विपद्को समयमा कालोबजारी गर्ने, कृत्रिम अभाव सिर्जना गर्ने वा राहतको दुरूपयोग गर्ने कुनै पनि प्रवृत्ति राष्ट्रप्रतिको गम्भीर अपराध भएकाले त्यस्ता कार्यमा संलग्न जोकोहीलाई 'शून्य सहनशीलता' को नीति अनुरूप कडा कानुनी कारबाही गर्न हामी सरकारको गम्भीर ध्यानाकर्षण गराउँछौं ।

**८. जलवायु न्याय र विश्वव्यापी उत्तरदायित्व**

हिमालय क्षेत्रमा बढ्दै गएको हिमताल विष्फोट र अस्वाभाविक बाढीको शृत्ला विश्वव्यापी जलवायु परिवर्तनको प्रत्यक्ष असर हो, जसमा नेपालको योगदान नगण्य छ । नेपालले भोगिरहेका यस्ता 'हानि र नोक्सानी' को विषयलाई अन्तर्राष्ट्रिय मञ्चहरूमा सशक्त रूपमा उठान गर्दै, जलवायु न्यायको सिद्धान्त अनुरूप अन्तर्राष्ट्रिय समुदाय र बहुपक्षीय विकास साझेदारहरुलाई दायित्वबोध गराउन सरकारलाई आग्रह गर्दछौँ ।

**९. अन्तर्राष्ट्रिय समुदायको सहयोग**

अकल्पनीय क्षतीपछिको उद्धार, राहत, पुनर्स्थापना तथा पुनर्निर्माणमा आवश्यक मानवीय, प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराउन संयुक्त राष्ट्रसंघ, विकास साझेदार, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, मित्रराष्ट्र तथा प्रवासी नेपाली समुदायलगायतलाई अपिल गर्दछौँ ।

**१०. दीर्घकालीन समाधानका लागि 'उच्चस्तरीय सर्वदलीय संयन्त्र' गठन**

विपद् व्यवस्थापन, पुनर्निर्माण र जोखिम न्यूनीकरणका कार्यहरूलाई अल्पकालीन राहत र प्रतिक्रियामा मात्र सीमित नराखी दिगो र दीर्घकालीन समाधान खोज्नु नितान्त आवश्यक छ । तसर्थ, विपपछिको पुनर्निर्माण, जलवायु अनुकूलन, राष्ट्रिय विपद् नीतिमा समयानुकूल सुधार र सरकारका कामकारबाहीलाई निरन्तर सल्लाह, सहयोग र अनुगमन गर्न 'संसदीय समिति' गठन गर्न हामी सहमत भएका छौं । यस संयन्त्रले संक्टको समयमा मात्र नभई विपद् पूर्वतयारी र दिगो विकासका एजेन्डामा राष्ट्रिय सहमति निर्माण गर्दै नीतिगत सुधारमा महत्त्वपूर्ण भूमिका खेल्नेछ ।

**अन्त्यमा,**


आफ्नो ज्यानको पर्वाह नगरी नागरिकको उद्धारमा अहोरात्र खटिनुभएका नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, स्वास्थ्यकर्मी, राष्ट्रसेवक कर्मचारी र सम्पूर्ण स्वयंसेवकहरूको अदम्य साहस र समर्पणको हामी उच्च सम्मान गर्दछौं । यस अकल्पनीय राष्ट्रिय संक्टलाई एकताबद्ध भई राष्ट्रिय नवनिर्माण, पूर्वतयारी र उत्थानशीलताको अवसरमा रूपान्तरण गर्न हामी दृढ संकल्प छौँ ।

**हस्ताक्षरकर्ता**

√ रवि लामिछाने, सभापति, राष्ट्रिय स्वतन्त्र पार्टी
√ गगन थापा, सभापति, नेपाली काँग्रेस
√ पुष्पकमल दाहाल, संयोजक, नेपाली कम्युनिष्ट पार्टी
√ शंकर पोखरेल, महासचिव, नेकपा एमाले
√ ध्रुव राई, श्रम संस्कृती पार्टी
√ राजेन्द्र लिङ्देन, अध्यक्ष, राष्ट्रिय प्रजातन्त्र पार्टी
√ उपेन्द्र यादव, अध्यक्ष, जनता समाजवादी पार्टी
√ चन्दन सिंह, जनमत पार्टी

## मदन-हरिवंशदेखि अनमोलसम्म बाढी पीडितको राहतमा जुटे





दमक । रसुवास्थित भोटेकोशी नदीमा आएको भीषण बाढीबाट ठूलो जनधनको क्षति भएपछि प्रभावितको उद्धार, राहत तथा पुनःस्थापनाका लागि सहयोग जुट्न थालेको छ । विपद्को यो घडीमा नेपाली कला क्षेत्रका सेलिब्रिटीसमेत आर्थिक सहयोगसहित राहत अभियानमा जोडिएका छन् ।

कलाकारहरूले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रकम जम्मा गर्दै सामाजिक सञ्जालमार्फत सहयोगको जानकारी दिएका छन् । केहीले सहयोग रकम सार्वजनिक गरेका छन् भने केहीले रकम नखुलाए पनि आफूले सक्दो सहयोग गरेको जनाउँदै आमनागरिकलाई पनि सहयोगका लागि अपिल गरेका छन् ।

अभिनेता विराज भट्टले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा एक लाख ५१ हजार रूपैयाँ सहयोग गरेका छन् । उनले फेसबुकमार्फत रकम जम्मा गरेको प्रमाण सार्वजनिक गर्दै विपद्को सामना गर्न सबैलाई एकजुट हुन आग्रह गरेका छन् ।

अस्ट्रेलियामा रहेकी गायिका रचना रिमालले पनि राहत कोषमा एक लाख रूपैयाँ सहयोग गरेकी छन् । उनले विपद्को समयमा राज्यका सबै संयन्त्र उद्धार, राहत र पुनःस्थापनामा परिचालित भए पनि नागरिकका रूपमा आˆनो पनि जिम्मेवारी रहेको बताउँदै सहयोग गरेको उल्लेख गरेकी छन् । उनले अर्को सूचना नआएसम्म अस्ट्रेलियामा तय भएका आˆना कार्यक्रमसमेत स्थगित गरिएको जानकारी दिएकी छन् ।

अभिनेत्री नीता ढुंगानाले पनि बाढीपीडित तथा प्रभावित परिवारका लागि एक लाख रूपैयाँ सहयोग गर्ने घोषणा गरेकी छन् ।

अभिनेता अनमोल केसीले सहयोग रकम सार्वजनिक नगरी आफूले राहत कोषमा सहयोग गरेको जानकारी दिएका छन् । उनले दुःख र विपद् कसैको ढोका ढकढक्याएर नआउने भन्दै आफूले सकेको सहयोग गर्न सबैलाई आग्रह गरेका छन् । उनले रकम सानो वा ठूलोभन्दा पनि सहयोगको भावना महत्वपूर्ण हुने उल्लेख गर्दै सरकारले उपलब्ध गराएको आधिकारिक क्यूआरमार्फत सहयोग गर्न अपिल गरेका छन् ।

कलाकारद्वय मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य ( महजोडी) ले संयुक्त रूपमा दुई लाख रूपैयाँ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोग गरेका छन् ।

त्यस्तै अभिनेत्री ऋचा शर्मा, सुरक्षा पन्त र आँचल शर्मालगायतले पनि सामाजिक सञ्जालमार्फत बाढीपीडितका लागि सहयोग गरेको जनाएका छन् । गायक प्रमोद खरेल, बद्री पंगेनीलगायत कलाकारले पनि आफूले सक्दो सहयोग गरेको जानकारी दिएका छन् ।

गायिका शान्तिश्री परियारले राहत कोषमा ५० हजार रूपैयाँ सहयोग गरेकी छन् ।

बाढीबाट प्रभावित नागरिकको उद्धार र राहतका लागि विभिन्न क्षेत्रबाट सहयोग जुटिरहेका बेला कलाकारहरूले पनि आˆनो तर्फबाट सहयोग गर्दै विपद्मा मानवीय एकता प्रदर्शन गरेका छन् । उनीहरूले व्यक्तिगत रूपमा सक्ने सहयोग गर्न र आधिकारिक माध्यमबाट राहत अभियानमा सहभागी हुन आमनागरिकलाई आग्रह गरेका छन् ।

## बाढीपीडितको स्वास्थ्यप्रति सरकारलाई ध्यानाकर्षण

दमकं । भोटेकोसी नदीमा आएको भीषण बाढीबाट घाइते तथा उद्धार गरिएका नागरिकको स्वास्थ्य सुरक्षालाई सरकारले राहत र उद्धारसँगै उच्च प्राथमिकतामा राख्नुपर्नेमा जोड दिइएको छ । बाढीमा घाइते भएकाको निःशुल्क उपचारको व्यवस्था गर्नु आवश्यक भए पनि अस्पतालमा उपचाररत घाइतेबाहेक बाढीबाट उद्धार गरिएका, विस्थापित र अस्थायी आश्रयमा रहेका नागरिकको स्वास्थ्य अवस्था निगरानी गर्नसमेत सरकारले विशेष स्वास्थ्य नीति अवलम्बन गर्नुपर्ने देखिएको छ ।

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले बुधबार राति काठमाडौंस्थित ट्रमा सेन्टर र त्रिवि शिक्षण अस्पताल पुगेर बाढीमा परी घाइते भएका नागरिकलाई भेटी स्वास्थ्य अवस्थाबारे जानकारी लिएपछि विपद्को समयमा उपचारमा कुनै किसिमको कमी हुन नदिन सरकारको ध्यानाकर्षण गराएका हुन् ।

आङ्देम्बेले घाइतेहरूको स्वास्थ्य अवस्था, उपचारको स्थिति तथा अस्पतालले उपलब्ध गराइरहेको स्वास्थ्य सेवाबारे जानकारी लिँदै बाढीबाट प्रभावित नागरिकको जीवनरक्षा र उपचारलाई सरकारले पहिलो प्राथमिकतामा राख्नुपर्ने बताए ।

'विपद्को यो समयमा घाइतेहरूको उपचारमा कुनै कमी हुनु हुँदैन । राज्यले आफ्नो सम्पूर्ण संयन्त्र परिचालन गरेर नागरिकको जीवनरक्षा र उपचारलाई पहिलो प्राथमिकतामा राख्नुपर्छ,' उनले भने ।


**गृहिणी महिला बचत तथा ऋण सहकारी संस्था लि. दमक-६, झापाको**

**१५ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना**

यस सहकारी संस्थाको १५ औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा हुने भएको हुँदा सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।


तपसिल :

♦ मिति : २०८३ भदौ १३ गते शनिबार
♦ समय : बिहान ११:०० बजे देखि
♦ स्थान : पशुपति मन्दिर, दमक-६ को सभाहल

SHREE RATNA JEWELLERY
— सुनचाँदी व्यवसायी संघ , दमक —
आजको सुनचाँदी बिक्री दर
मिति : २०८३/०५/११
छापावाला सुन प्रति तोला रु. 321,400/-
चाँदी प्रति तोला रु. 4,980/-
गुणस्तरीय्य आभूषण डिजाइन तथा गुणस्तरीय वतुत्वहरु हामी यहाँलाई उपलबंधुछैम् ।
9815996315
दमक, झापा


**दैनिक राशिफल**

आज मिति
२०८३ साल
भदौ १२ गते
शुक्रबार
28 Aug. 2026
तिथि: पुर्णिमा



**ज्यो. लक्ष्मी प्र. ढकाल**
ठेगाना: क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | आर्थिक लाभको योग कामा सफलता मिल्नेछ । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | नयाँ अवसर प्राप्त हुनेछ परिवारबाट सहयोग मिल्नेछ । |
| मिथुन | का कि कु घ ङ छ के को हा | यात्रामा लाभ हुनेछ मन प्रसन्न रहनेछ । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | काममा प्रगति हुनेछ आत्मविश्वास बढ्नेछ । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | आम्दानी बढ्ने संकेत नयाँ जिम्मेवारी पाइनेछ । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | मेहनतको फल मिल्नेछ स्वास्थ्यमा ध्यान दिनुहोस् । |
| तुला | रा री रु रे रो ता ती तु ते | अड्किएका काम बन्नेछन् आर्थिक स्थिति सुध्रिनेछ । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | नयाँ योजना सफल हुनेछ मित्रबाट सहयोग पाइनेछ । |
| धनु | य यो भा भी भ धा फा ढ भे | नयाँ योजना सफल हुनेछ । मित्रबाट सहयोग पाइनेछ । |
| मकर | भो जा जी खि खू खे खो गा गी | कामको दबाब बढ्नेछ धैर्यले सफलता दिलाउनेछ । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | राम्रो समाचार सुन्नुहुनेछ नयाँ सम्बन्ध बन्नेछ । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | भाग्यले साथ दिनेछ आर्थिक लाभ मिल्नेछ । |

# बाढीपीडितको सहयोगका लागि दमकमा सर्वपक्षीय छलफल आब्ह्वान



**दमक**/ भोटेकोशी, त्रिशूलीलगायत नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको सहयोग तथा उद्दारका लागि दमक नगरपालिकाले सर्वपक्षीय छलफल बोलाएको छ ।

दमक नगरपालिकाका प्रमुख रामकुमार थापाले राष्ट्रिय विपद्को अवस्थामा आवश्यक सहयोग जुटाउने विषयमा छलफल गर्न नगर कार्यपालिका सदस्य, इलाका प्रशासन कार्यालय, इलाका प्रहरी कार्यालय, दमक क्याम्पस, दमक खानेपानी तथा सरसफाइ संस्था, दमक उद्योग वाणिज्य संघ, नेपाल रेडक्रस सोसाइटी दमक, जोशिस दमक, साथीभाइ समूह, पत्रकारलगायत सरोकारवाला संघसंस्थालाई छलफलमा उपस्थित हुन आग्रह गरेका छन् । नगर प्रमुख थापाले भदौ १० गते हिमताल विस्फोट भई भोटेकोशी, त्रिशूलीलगायत नदीमा आएको विनाशकारी बाढीका कारण रसुवा, धादिङ, नुवाकोटलगायत जिल्लामा ठूलो जनधनको क्षति भएको उल्लेख गरेका छन् । विपद्का कारण धेरै नागरिक घाइते, बेपत्ता तथा सयौंको संख्यामा मानिसले ज्यान गुमाएको घटनाले सिङ्गो दमक नगरपालिकाको परिवार भावविह्वल भएको उनले बताएका छन् ।

उनले विपद्मा ज्यान गुमाउनेप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारमा समवेदना व्यक्त गरेका छन् । साथै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै बेपत्ता नागरिकको खोजी, उद्धार तथा राहतका लागि सबैले सक्दो सहयोग गर्न अपिल गरेका छन् । नगरपालिकाले भदौ १३ गते बिहान ७:३० बजे नगरपालिकामा छलफलका लागि सरोकारवालालाई उपस्थित हुन अनुरोध गरेको छ ।

# तिब्बतमा बाढीपछि ५५८ जना बेपत्ता

**एजेन्सी**/ चीन-नेपाल सीमामा पर्ने तिब्बतमा भारी वर्षापछि आएको बाढी र पहिरोमा परी तीन जनाको मृत्यु भएको छ भने ५५८ जना अझै बेपत्ता रहेको चिनियाँ सरकारी सञ्चारमाध्यमले जनाएको छ । बेपत्तामध्ये २६० जना विदेशी नागरिक रहेको बताइएको छ । बुधबार बिहान सीमावर्ती क्षेत्रमा माटो र भग्नावशेष भवनमाथि खसेपछि एक हजारभन्दा बढी उद्धारकर्मीले खोजी तथा उद्धार कार्य जारी राखेका छन् । उद्धारमा खोजी कुकुर र ड्रोन प्रयोग गरिएको छ । निगरानी भिडियोमा धेरै मानिस ज्यान जोगाउन भागिरहेको देखिएको छ ।

चीनको अर्धसैनिक पिपुल्स आर्म्ड पुलिसका सदस्य ली किपुले अस्थिर भूभाग र साँघुरा पहाडी सडकका कारण उद्धार कार्यमा कठिनाइ भइरहेको बताएका छन्। मुख्य प्रकोपस्थलमा ठूला सवारीसाधन र भारी उपकरण पुग्न नसके पनि आसपासका सडक खुला रहेकाले आवश्यक सामग्री पुऱ्याइएको उनले जानकारी दिए ।

सरकारी समाचार एजेन्सी सिन्ह्वाका अनुसार सीमा क्षेत्रमा करिब ८०० उद्धारकर्मी र १५० भन्दा बढी सवारीसाधन परिचालन गरिएको छ । अग्निशमन सेवाले खोजी कुकुर, मानिसको उपस्थिति पत्ता लगाउने स्क्यानर र साना डुङ्गासहित ४३१ कर्मचारी खटाएको छ । राहत सामग्री बोकेका नागरिक तथा सैन्य विमानसमेत तिब्बत पुगेका छन् । रातभर वर्षा भइरहेकाले थप पहिरो र चट्टान खस्ने जोखिम उच्च रहेको अधिकारीहरूले बताएका छन् । यसले उद्धार कार्य थप चुनौतीपूर्ण बन्न सक्ने जनाइएको छ । तिब्बत स्वायत्त क्षेत्र विदेशी पत्रकारका लागि सीमित पहुँचको क्षेत्र रहँदै आएको छ । विदेशी पत्रकारलाई सामान्यतया चिनियाँ सरकारद्वारा आयोजित भ्रमणमार्फत मात्र त्यहाँ पुग्न अनुमति दिइन्छ ।

## महोत्तरीका १० जना सम्पर्कविहीन

**दमक**/ भोटेकोशीको बाढीसँगै महोत्तरीका १० जना सम्पर्कविहीन भएका छन् । रसुवाका विभिन्न विद्युत् उत्पादन केन्द्रमा कार्यरत र कामविशेषले त्यता गएकाहरु सम्पर्कविहीन भएका हुन् । महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले सम्पर्कविहीनको अवस्था यकिन गर्न प्रयत्न भइरहेको जानकारी दिए । बर्दिबास-३ का सौभाग्य बिष्ट, बर्दिबास-९ की जोया राना मगर, पिपरा-३ का विकास यादव, औरही-३ का सचिनकुमार यादव, गौशाला-९ का विजय थापामगर, लोहारपट्टि-७ का युवराज पाण्डे र गौशाला-८ बेलगाछीका शीतल लुंगेली, निजकी पत्नी सरिता लुङ्गेली तथा छोरा साइमन लुंगेली सम्पर्कविहीन भएका हुन् । उनीहरु विद्युत् उत्पादन केन्द्रमा कार्यरत रहेका जिल्ला प्रशासन कार्यालय महोत्तरीले जनाएको छ ।

# झापामा किरात राई यायोक्खाको अधिवेशन

**झापा** । किरात राईहरुको जातीय संस्था किरात राई यायोक्खा झापाको नवौं जिल्ला अधिवेशन यही भदौ २० र २१ गते बिर्तामोडमा हुने भएको छ । अधिवेशन भव्य तथा सभ्य रुपले सम्पन्न गर्नका लागि विभिन्न तयारी धमाधम भइरहेको यायोक्खा जिल्ला सचिव गौरीमान राईले बताएका छन् । उनका अनुसार अधिवेशन सम्पन्न गर्न बिभिन्न तयारी उपसमितिहरु गठन गरिएको छ ।

यायोक्खा झापाका उपाध्यक्ष लीलाबहादुर राईको संयोजक र के.डी.राई सहसंयोजक रहेको तयारी उप-समिति गठन गरिएको छ । तयारी समितिको सदस्यहरुमा जिल्ला कार्यसमितिका सबै पदाधिकारी , बिर्तामोड र अर्जुनधाराका नगर अध्यक्ष र सचिव रहेका छन् । जिल्ला अधिबेशनले यायोक्खाको नयाँ नेतृत्व चयन हुने छ । झापामा करिव ६० हजार राईहरुको जनसंख्या रहेको यायोक्खा झापाका अध्यक्ष गणेशबहादुर राईले जानकारी दिए ।

## दमक नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### दमक झापाको

**प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

**प्रथम पटक प्रकाशित मिति: २०८३/०५/११**

कोशी प्रदेश, झापा जिल्ला, दमक नगरपालिका नगर कार्यपालिकाको कार्यालय र मिक्लाजुङ गाँउपालिका गाँउकार्यपालिकाद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | दमक नगरपालिका नगर कार्यपालिकाको कार्यालय<br>दमक, झापा, कोशी प्रदेश<br>ईमेल: info@damakmun.gov.np<br>फोन नं.०२३५९७०००, Ext No. ६४१ |
| प्रस्तावको व्यहोरा | मावा खोला (दमक मिक्लाजुङ खण्ड) बाट ढुङ्गा, गिट्टी र वालुवाको उत्खनन्/ संकलन तथा बिक्री कर संकलन |
| प्रभाव पर्न सक्ने क्षेत्र | दमक नगरपालिका (वडा नं. ३) र मिक्लाजुङ गाँउपालिका (वडा नं. ७, ८ र ९) |
| परामर्शदाताको नाम र ठेगाना | इकोग्रीन कन्सल्टेन्सी प्रा.लि., बिर्तामोड-१०, झापा<br>सम्पर्क नं. ९८१५०८२०८७<br>इमेल : eco.geenary@gmail.com |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धी प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रहरुको भौतिक तथा रसायनिक, जैविक, सामाजिक, आर्थिक र सांस्कृतिक प्रणालीहरुमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न दमक नगरपालिका (वडा नं. ३) र मिक्लाजुङ गाँउपालिका (बडा नं. ७, ८ र ९) तथा त्यस क्षेत्रका स्थानीय वासीहरु, सरोकारवाला व्याक्तिहरु तथा स्थानीय तहका प्रतिनिधीहरु समेतलाई सहभागी गराई सार्वजानिक सुनुवाई कार्यक्रम गर्नुपर्ने भएकाले यस प्रस्तावसँग सरोकार राख्ने सम्पुर्ण सरोकारवाला व्याक्तिहरु निम्न मिति र समयमा उपस्थित हुन अनुरोध गर्दै यो सूचना प्रकाशन गरिएको हो ।

**कार्यक्रम आयोजना गरिने स्थान र समय**

| मिति | समय | स्थान | प्रभावित न.पा./गा.पा.(वडा) |
|---|---|---|---|
| २०८३/०५/२२ गते, सोमबार | दिनको ११ बजे | हिमाली टोल लक्ष्मण तामाङको घर, दमक नगरपालिका | दमक नगरपालिका (वडा नं. ३, ४ र १०) र मिक्लाजुङ गाँउपालिका (वडा नं. ७, ८ र ९) |

*प्रमुख प्रशासकीय अधिकृत*

# बाढीपीडितलाई शिवसताक्षीका कर्मचारीको आठ लाख सहयोग

**झापा**/ भोटेकोशी क्षेत्रमा आएको विनाशकारी बाढीबाट प्रभावित परिवारको राहत तथा उद्धारका लागि झापाको शिवसताक्षी नगरपालिकाका कर्मचारीले करिब रु आठ लाख जम्मा गरेका छन् ।

नगरपालिकाका कर्मचारीको बिहीबार बसेको बैठकले अधिकृत तहका कर्मचारीबाट जनही रु पाँच हजार, सहायक चौथो र पाँचौं तहबाट जनही रु चार हजार तथा कार्यालय सहयोगी र सवारी चालकबाट रु तीन हजारका दरले रकम जम्मा गरेका हुन् ।

नगरपालिकाका लेखा अधिकृत प्रकाश योङहाङका अनुसार सङ्कलन भएको रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिने छ । नगरपालिकामा १८२ जना कर्मचारी कार्यरत छन् ।

## झापामा दादुराको संक्रमण

*झापा / सरकारले सन् २०२६ सम्म दादुरा-रुबेला निवारण गर्ने लक्ष्यका राखिरहँदा झापाका एकजना बालकमा दादुराको संक्रमण देखिएको छ ।*

*मेचीनगर नगरपालिका वडा नं ६ काँकडभिट्टाका ११ वर्षीय बालकमा दादुराको संक्रमण देखिएको स्वास्थ्य कार्यालय झापाले जनाएको छ ।*

*यसअघि तीन वर्षअघि २०८० माघ २ गते झापा गाउँपालिकाको एउटै गाउँका ६ जनालाई दादुराको संक्रमण देखिएको थियो ।*

*झापा गाउँपालिकाको वडा नं ७ को सन्थाल बस्तीका ६ जनालाई दादुरा देखिएको थियो । त्यसको दुई दिनपछि बिर्तामोडमा दादुराको संक्रमण देखा परेको थियो । बिर्तामोड ३ की ५ वर्षीया बालिकामा दादुरा देखा परेको थियो । त्यसको अघिल्लो वर्ष सन् २०२३ मा झापामा ६ जनालाई दादुरा देखिएको थियो ।*

# प्रेस युनियनले तीनजना पत्रकारहरुलाई सम्मान गर्ने

**दमक**/ नेपाल प्रेस युनियन झापाको आसन्न जिल्ला अधिवेशनमा तीन जना पत्रकारहरुलाई सम्मान तथा पुरस्कार प्रदान गरिने भएको छ । युनियनले यस वर्षदेखि प्रदान गर्न शुरू गरेको खगेन्द्र पौडेल स्मृति पुरस्कार झापामा क्रियाशील पत्रकार आत्मराम राजवंशीलाई प्रदान गरिने निर्णय भएको छ ।

यस अघि प्रदान गरिँदै आएको खगेन्द्र कार्की स्मृति अग्रज पत्रकारिता पुरस्कार लीला अनमोल र खगेन्द्र कार्की क्रियाशील पत्रकारिता पुरस्कार युवा पत्रकार सन्तोष विष्टलाई प्रदान गरिने निर्णय भएको छ । पुरस्कृत हुने पत्रकारहरुको नामावली छनौट समितिबाट सिफारिस भई विहिबार बसेको युनियनको जिल्ला समिति बैठकले अन्तिम निर्णय लिएको युनियनका जिल्ला सदस्य विष्णु पौडेलले जानकारी दिए ।

युनियनका झापा जिल्ला अध्यक्ष गिरिराज भट्टराईको अध्यक्षतामा आज बिर्तामोडमा बसेको बैठकले भाद्र १३ गते शनिबार दमकमा हुने जिल्ला अधिवेशनमा नेपाली काँग्रेसका केन्द्रीय सदस्य तथा संविधान सभा सदस्य सुधीर शिवाकोटीको प्रमुख आतिथ्य रहने पनि निधो गरेको छ । अधिवेशनमा झापा जिल्लामा क्रियाशील १३४ जना प्रेस युनियन आवद्ध पत्रकारहरु सहभागी हुनेछन् ।

# भद्रपुर नपाबाट बाढी पीडितका लागि ११ लाख सहयोग

**भद्रपुर**/ भोटेकोशी नदीमा बुधबार आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत, उपचार तथा दीर्घकालीन पुनःस्थापनाका लागि भद्रपुर नगरपालिकाले ११ लाख रुपैयाँ सहयोग गर्ने भएको छ । नगरपालिकाले जारी गरेको प्रेस विज्ञप्तिअनुसार रसुवा, धादिङ, नुवाकोटलगायत जिल्लामा बाढीबाट भएको ठूलो जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै विपद्मा परेका नागरिकको सहयोगका लागि रकम उपलब्ध गराउने निर्णय गरिएको हो।

नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी तथा सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूबाट रकम संकलन गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ११ लाख रुपैयाँ जम्मा गरिने नगर प्रमुख गणेश पोखरेलले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

नगरपालिकाले बाढीमा ज्यान गुमाएकाहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना व्यक्त गरेको छ। साथै, बेपत्ता नागरिकको शीघ्र खोजी तथा उद्धार र घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ । विपद्को कठिन परिस्थितिमा प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनाका लागि सरकारी निकाय, सुरक्षा निकाय, स्थानीय तह, सामाजिक संघसंस्था, निजी क्षेत्र तथा आम नागरिकहरुलाई आ-आफ्नो क्षेत्रबाट सक्दो सहयोग गर्न नगरपालिकाले आह्वानसमेत गरेको छ ।

***रसुवामा......***सडक खुलाउन सरकारका १० र निजी क्षेत्रका १० गरी २० वटा उपकरण परिचालन गरिएको छ। पृथ्वीराजमार्गअन्तर्गत करिब १३ किलोमिटर सडक लेदोले भरिएकाले लेदो हटाएर यातायात सञ्चालनमा ल्याउने कामलाई प्राथमिकता दिइएको मन्त्रालयले जनाएको छ। वेत्रावतीसम्म सडक सञ्चालनमा नआएसम्म धुन्चे हुँदै स्याफ्रुबेसी पुग्न सक्ने अवस्था छैन । क्षतिग्रस्त सडक तथा पुलको पुनर्निर्माण र यातायात सञ्चालनलाई प्राथमिकतामा राखेर काम तीव्र पारिएको मन्त्रालयले जनाएको छ ।

***भारतले.......***बेला भारतले मानवीय सहयोग उपलब्ध गराएको हो । भारतले पठाएको १० टन सहायता सामग्रीमा विपद् प्रभावितको तत्काल आवश्यकता पूरा गर्न आवश्यक राहत सामग्री तथा अत्यावश्यक औषधि रहेको जनाइएको छ ।

***ग्लोबल.......*** बाढी तथा पहिरोमा परी ज्यान गुमाएकाप्रति श्रद्धाञ्जली व्यक्त गर्दै बैंकले शोकसन्तप्त परिवारप्रति समवेदना प्रकट गरेको छ । साथै, बेपत्ताको खोजी, घाइतेको उपचार, प्रभावितलाई खाद्यान्न तथा बासस्थानको व्यवस्था र क्षतिग्रस्त संरचनाको दीर्घकालीन पुनर्निर्माणमा सहयोग पुऱ्याउने उद्देश्यले उक्त रकम उपलब्ध गराउन लागेको जनाएको छ ।

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा
बजारमा
झापाली इटा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

## दमक नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### दमक झापाको

**प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

**प्रथम पटक प्रकाशित मिति: २०८३/०५/११**

कोशी प्रदेश, झापा जिल्ला, दमक नगरपालिका नगर कार्यपालिकाको कार्यालय र चुलाचुली गाँउपालिका गाँउकार्यपालिकाद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | दमक नगरपालिका नगर कार्यपालिकाको कार्यालय<br>दमक, झापा, कोशी प्रदेश<br>ईमेल: info@damakmun.gov.np<br>फोन नं.०२३५९७००० Ext No. ६४१ |
| प्रस्तावको व्यहोरा | रतुवा खोला (दमक चुलाचुली खण्ड) बाट ढुङ्गा, गिट्टी र वालुवाको उत्खनन्/ संकलन तथा बिक्री कर संकलन |
| प्रभाव पर्न सक्ने क्षेत्र | दमक नगरपालिका (वडा नं. २) र चुलाचुली गाँउपालिका (वडा नं. ४) |
| परामर्शदाताको नाम र ठेगाना | इकोग्रीन कन्सल्टेन्सी प्रा.लि., बिर्तामोड-१०, झापा<br>सम्पर्क नं. ९८१५०८२०८७<br>इमेल : eco.geenary@gmail.com |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रहरुको भौतिक तथा रसायनिक, जैविक, सामाजिक, आर्थिक र सांस्कृतिक प्रणालीहरुमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न दमक नगरपालिका (वडा नं. २) र चुलाचुली गाउँपालिका (वडा नं. ४) तथा त्यस क्षेत्रका स्थानीय वासीहरु, सरोकारवाला व्याक्तिहरु तथा स्थानीय तहका प्रतिनिधीहरु समेतलाई सहभागी गराई सार्वजानिक सुनुवाई कार्यक्रम गर्नुपर्ने भएकाले यस प्रस्तावसँग सरोकार राख्ने सम्पुर्ण सरोकारवाला व्याक्तिहरु निम्न मिति र समयमा उपस्थित हुन अनुरोध गर्दै यो सूचना प्रकाशन गरिएको हो।

**कार्यक्रम आयोजना गरिने स्थान र समय**

| मिति | समय | स्थान | प्रभावित न.पा./गा.पा.(वडा) |
|---|---|---|---|
| २०८३/०५/२३ गते, मंगलबार | दिनको ३ बजे | दमक २ फाल्गुनन्द बसपार्क, दमक नगरपालिका | दमक नगरपालिका (वडा नं. २) र चुलाचुली गाँउपालिका (वडा नं. ४) |

*प्रमुख प्रशासकीय अधिकृत*

## दमक नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### दमक झापाको

**प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

**प्रथम पटक प्रकाशित मिति: २०८३/०५/११**

कोशी प्रदेश, झापा जिल्ला, दमक नगरपालिका नगर कार्यपालिकाको कार्यालय र उर्लाबारी नगरपालिका नगरकार्यापालिकाद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | दमक नगरपालिका नगर कार्यपालिकाको कार्यालय<br>दमक, झापा, कोशी प्रदेश<br>ईमेल: info@damakmun.gov.np<br>फोन नं.०२३५९७०००, Ext No. ६४१ |
| प्रस्तावको व्यहोरा | मावा खोला (दमक उर्लाबारी खण्ड) बाट ढुङ्गा, गिट्टी र वालुवाको उत्खनन्/ संकलन तथा बिक्री कर संकलन |
| प्रभाव पर्न सक्ने क्षेत्र | दमक नगरपालिका (वडा नं. ३, ४ र १०) र उर्लाबारी नगरपालिका (वडा नं. १, ६ र ७) |
| परामर्शदाताको नाम र ठेगाना | इकोग्रीन कन्सल्टेन्सी प्रा.लि., बिर्तामोड-१०, झापा<br>सम्पर्क नं. ९८१५०८२०८७<br>इमेल : eco.geenary@gmail.com |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धी प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रहरुको भौतिक तथा रसायनिक, जैविक, सामाजिक, आर्थिक र सांस्कृतिक प्रणालीहरुमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न दमक नगरपालिका (वडा नं. ३, ४ र १०) र उर्लाबारी नगर पालिका (बडा नं. १, ६ र ७) तथा त्यस क्षेत्रका स्थानीय वासीहरु, सरोकारवाला व्याक्तिहरु तथा स्थानीय तहका प्रतिनिधीहरु समेतलाई सहभागी गराई सार्वजानिक सुनुवाई कार्यक्रम गर्नुपर्ने भएकाले यस प्रस्तावसँग सरोकार राख्ने सम्पुर्ण सरोकारवाला व्याक्तिहरु निम्न मिति र समयमा उपस्थित हुन अनुरोध गर्दै यो सूचना प्रकाशन गरिएको हो ।

**कार्यक्रम आयोजना गरिने स्थान र समय**

| मिति | समय | स्थान | प्रभावित न.पा./गा.पा.(वडा) |
|---|---|---|---|
| २०८३/०५/२२ गते, सोमबार | दिनको ३ बजे | शान्ती टोल दमक ३, दमक नगरपालिका | दमक नगरपालिका (वडा नं. ३, ४ र १०) र उर्लाबारी नगरपालिका (वडा नं. १, ६ र ७) |

*प्रमुख प्रशासकीय अधिकृत*

◆ प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, ◆ कार्यकारी सम्पादक: खगेन्द्र कार्की ◆ सहसम्पादक: विमल लामिछाने ◆ बजार व्यवस्थापक: केशव खनाल ◆ लेआउट: सुरेन बस्नेत
कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२.
मुद्रण: ज्योति अफसेट प्रेस,
E-mail:purbasandesh@yahoo.com